मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल।
E-mail: info.moec@madhesh.gov.np
Website: www. moec.madhesh.gov.np

प.सं. २०८३/०८४
च. नं.

प्रथम पटक प्रकाशित मितिः२०८३/०६/२७

**विषयः मधेश प्रदेशका आठवटै जिल्लाका कम्तीमा एक/एक सामुदायिक सिकाइ केन्द्रलाई प्रविधिमैत्री बनाउन एकमुष्ठ अनुदान वितरणको गर्न सामुदायिक सिकाइ केन्द्र छनौट सम्बन्धी सूचना।**

यस मन्त्रालयको आ.व.२०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार मधेश प्रदेशका **प्रादेशिक निर्वाचन क्षेत्रमा कम्तीमा एक माध्यमिक विद्यालयमा प्रविधिमैत्री शिक्षण-सिकाइका लागि** Smart Classroom **स्थापना तथा सञ्चालन** लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा इच्छुक तथा तपसिलका मापदण्ड पुरा गर्ने सामुदायिक सिकाई केन्द्रहरुले मितिः२०८३/०७/२० गते (कार्यालय समय भित्र) तपसिल बमोजिमको कागजातसहित आवेदन/प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. आवेदनका शर्त तथा प्रतिबद्धता

१. सम्बन्धित निकायमा दर्ता/स्वीकृत सामुदायिक सिकाइ केन्द्र भएको।

२. सामुदायिक सिकाई केन्द्रको व्यवस्थापन समिति र जिम्मेवार सहजकर्ता रहेको।

३.सामुदायिक सिकाई केन्द्रको नाउँमा सुरक्षित भवन/कोठा र उपकरण राख्ने व्यवस्थासहितको जग्गा भएको (अनिवार्य)।

४.लक्षित समुदाय, विशेषतः महिला, दलित, अपाङ्गता भएका व्यक्ति, विद्यालयबाहिर रहेका युवा तथा वयस्कको सहभागिता र कार्यक्रमको लागि कार्य योजना भएको।

५.डिजिटल साक्षरता/सीप, भाषा, जीवनोपयोगी शिक्षा वा स्थानीय आवश्यकतामा आधारित सिकाइ गतिविधिको प्रस्ताव भएको।

६.इन्टरनेट, विद्युत्, उपकरण सुरक्षा, मर्मतसम्भार र नियमित सञ्चालन खर्चको योजना भएको।

७.१स्थानीय तह/समुदायबाट सहकार्य, जनशक्ति वा अन्य स्रोत परिचालन गर्ने प्रतिबद्धता भएको।

८.अनुदानको दोहोरोपना, विगतको अनुदान र फछर्यौटको अवस्था खुलाएको।

२. आवेदनसँग पेश गर्नुपर्ने कागजात

१.सामुदायिक सिकाई केन्द्रको आधिकारिक आवेदन र अनुमति/स्वीकृतिको प्रमाण।

२.सञ्चालक समिति/व्यवस्थापन समितिको निर्णय।

३.केन्द्र सञ्चालनमा रहेको सम्बन्धमा स्थानीय तहको सिफारिस।

४.केन्द्रको पछिल्लो एक वर्षको कार्यक्रमको सङ्क्षिप्त विवरण।

५.सेवा लिने समुदायको अनुमानित सङ्ख्या; महिला, दलित, अपाङ्गता भएका व्यक्ति, युवा/वयस्कको विवरण।

६.सहजकर्ता/कर्मचारीको नाम, योग्यता, अनुभव र ICT सीपको विवरण।

७.कोठा, फर्निचर, विद्युत् र इन्टरनेटको हालको अवस्था तथा फोटो।

उप-सचिव

मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल।
E-mail: info.moec@madhesh.gov.np
Website: www. moec.madhesh.gov.np

प.सं. २०८३/०८४
च. नं.

८.प्रस्तावित उपकरण र डिजिटल सिकाइ सामग्रीको सूची, लागत अनुमान र कार्यतालिका।

९.कम्तीमा एक वर्षको कार्यक्रमको गतिविधि तालिका, लक्षित समूह, तालिम/सत्र योजना र अपेक्षित उपलब्धि सम्बन्धीविवरण।

१०.सञ्चालन, मर्मतसम्भार र स्थानीय स्रोत परिचालनसम्बन्धी प्रतिबद्धता पत्र।

११.बैंक खाताको प्रमाण र विगतमा प्राप्त अनुदान/फछर्यौटको स्वघोषणा।

३. आवेदनमा स्पष्ट खुलाउनुपर्ने विवरण

| शीर्षक | खुलाउनुपर्ने विवरण |
|---|---|
| सामुदायिक सिकाई केन्द्रको दिवरण | नाम, दर्ता/अभिलेख नम्बर, जिल्ला, स्थानीय तह/वडा, स्थापना वर्ष, सम्पर्क व्यक्ति |
| सहभागिता | वार्षिक सहभागी, नियमित सहभागी, महिला, दलित, अपाङ्गता भएका व्यक्ति, विद्यालयबाहिरका युवा/वयस्क |
| सञ्चालन स्थिति | खुल्ने दिन/समय, सञ्चालन भएका कार्यक्रम, सहजकर्ता सङ्ख्या, व्यवस्थापन समिति |
| भौतिक तथा डिजिटल अवस्था | कोठा, फर्निचर, कम्प्युटर/ल्यापटप, स्मार्ट डिस्प्ले/प्रोजेक्टर, इन्टरनेट, विद्युत् |
| प्रस्तावित कार्यक्रम | डिजिटल साक्षरता, ई-लर्निङ, जीवनोपयोगी सीप, स्थानीय भाषामा सामग्री, रोजगारी/सीपविकास तालिम |
| स्थानीय समुदायको सहभागिता | स्थानीय तह/समुदायको योगदान, वार्षिक खर्च, मर्मतसम्भार, उपकरण सुरक्षाको व्यवस्था |

.....
किशोरी कापर
उप-सचिव